**SOTANG : सोताङ**
[Yearly Peer Reviewed Journal]
ISSN: 2676-1440
Year 7, Volume 7, Issue 1, December 2025
Published by Sotang Public Campus

# वैदिक दर्शन र नेपालको शिक्षामा त्यसको उपादेयता

**हेरम्बराज बास्तोला**

*Article History : Submitted 16 Jan. 2025; Reviewed 13 Feb. 2025; Accepted 25 March 2025*
*Author : Herambaraj Bastola Email: herambarajb@gmail.com*
*https://orcid.org/0009-0004-5387-3929*
*DOI: https://doi.org/10.3126/sotang.v7i01.89325*

**लेख सार**

*दर्शनको परिच, परिभाषा, वैदिक दर्शनको चिनारी, वैदिक दर्शन अनुरूप तत्व, ज्ञान र मूल्यको चर्चा गर्दै नेपालको शैक्षिक व्यवस्थामा वैदिक दर्शनको उपादेयता केलाउने प्रयासमा लेख केन्द्रित छ । पूस्तकीय अध्ययनलाई सामग्री अध्ययनको मूल उपायको रूपमा अवलम्बन गरी अघि बढाइएको यस अध्ययनकार्यले निष्कर्षका रूपमा, नेपालको शिक्षा व्यवस्थामा पनि स्पष्टत: वैदिक दर्शनको प्रतिविम्व झल्किन्छ । वैदिक दर्शन अनुसार जन्म र मृत्युका चक्रबाट मुक्ति प्राप्त गर्नु, धर्म, अर्थ, काम मोक्ष प्राप्त गर्नु । देव, पितृ र गुरु ऋणबाट मुक्त हुनु, आध्यात्मिकता विकास गर्नु, सहिष्णुता र धैर्यको प्राप्ति गर्नु, चरित्र निर्माण र विकास गर्नु, सँस्कृतिको हस्तान्तरण गर्नु, व्यक्तित्व विकास गर्नु, चित्रवृत्तिको निरोध गर्नु, सामाजिक कुशलताको विकास गर्नु र ज्ञान र अनुभवमा जोड दिनु जस्ता लक्ष्यहरू निर्धारण गरिएको छ भन्ने संश्लेषण प्रस्तुत गरिएको छ । शिक्षा व्यवस्थामा समसामयिक परिवर्तन भइरहे पनि आधारभूत रूपमा वैदिक दर्शनको मार्गदर्शन महत्त्वपूर्ण रहेको निष्कर्षमा पुगिएको छ । दर्शन र शिक्षाको सम्बन्धका बारेमा चासो राख्ने जिज्ञासुका लागि यस लेखले प्रारम्भिक प्रवेश द्वारको काम गर्नेछ ।*

**मुख्य शब्दहरू :** दर्शन, वैदिक दर्शन, तत्व मीमांशा, शैक्षिक प्रयोग ।

**विषय प्रवेश**

दर्शन मानवीय चिन्तन प्रणालीको एक विशिष्ट प्राप्ति हो । यो गम्भीर अध्ययनको विषय पनि हो । कुनै पनि दर्शनका आफ्ना आधारभूत मान्यता पद्धति र निष्कर्षहरू रही आएका हुन्छन् । दर्शनको आधारमा नै विश्वका सम्पूर्ण ज्ञान-विज्ञान विकास निर्माण र व्यवहारहरू परिचालित छन् । जीवन र जगतका बारेमा आआफ्नै ढङ्गले सोच्नु नित्य नयाँनयाँ विकल्पहरू ठम्याउनु र त्यसलाई जनमानसमा स्थापित गर्नुको अर्थमा दर्शन देखा परेको छ ( प्रभात,२०७२ पृ.१२५) । ऋग्वेद विश्वकै सर्वप्राचीन ग्रन्थ हो भन्ने कुरालाई सवै अनुसन्धाताहरूले स्वीकार गरेका छन् । वेद कुनै एकजनाको चिन्तन वा सिर्जना नभई अनेक चिन्तक, द्रष्टा, स्रष्टा, ऋषिमुनि र कविहरूका सिर्जनाहरूको सङ्कलन हो र शताब्दियौँका चुनिएका सिर्जनाको सङकलन हो ( प्रश्रित (२०६७, पृ.८७) । वेदमा आधारित दर्शनलाई वैदिक दर्शन भनिन्छ । ऋग्वेद यजुर्वेद, सामवेद र अथर्व वेद, वेदका चार भागहरू वैदिक दर्शनका आधारहरू हुन् । वैदिक दर्शनलाई हिन्दु दर्शन पनि भन्ने गरिएको पाइन्छ । हिन्दु धर्मावलम्वीहरूले मान्ने दर्शन वा हिन्दु धर्म वेदमा आधारित भएकाले यसलाई हिन्दु दर्शन भनिएको हो । प्रस्तुत लेखमा "दुष्टता र पीडा अनुभवको चक्रमा गाँसिएका हुन्छन् र अनुभवको चक्र आफैँमा एउटा चरण हो जुन परमसत्यको अनुभूतितर्फ अगाडि बढ्छ भन्ने वेद आधारित विश्वासलाई वैदिक दर्शनको आधारमा छलफल गरिएको छ । नेपालका शिक्षामा वैदिक दर्शनको उपयोगिता वारे पनि चर्चा गरिएको छ । प्रस्तुत लेख मूल रूपमा वैदिक दर्शनको अर्थ र परिभाषा केलाउने र नेपालको शिक्षा व्यवस्थामा वैदिक दर्शनको उपयोगिता पहिल्याउने उद्देश्यमा केन्द्रिति छ ।

**दर्शनको परिचय**

दर्शन शब्द सँस्कृतभाषाबाट आएको हो । 'दर्शन' शब्द सँस्कृत भाषाको 'दृश' धातुमा 'ल्युट' प्रत्यय लागेर बनेको छ, यसको सामान्य अर्थ हेर्नु वा देख्नु भन्ने हुन्छ । वीसौँ शताब्दीका प्रशिद्ध भारतीय दर्शनशास्त्री सर्वपल्ली राधाकृष्णन्को परिभाषा उल्लेख गर्दै भुसाल (२०६८) लेख्छन् "दर्शनशास्त्र जगतको समयवोध गर्ने मानव प्रयास हो । पृ.११) । सोही पृष्ठमा फ्रान्सिस वेकन र रेने देकार्दका परिभाषालाई समेत यसरी उल्लेख गरिएको छ "दर्शन शास्त्रका अत्यन्त महत्त्वपूर्ण कार्यमध्येको एउटा कार्य प्रकृतिमाथिको मानव अधिपत्यलाई विस्तार गर्नका निम्ति हाम्रो वैज्ञानिक ज्ञानमा वृद्धि गर्नु हो ।"

मानिस के हो ? सत्य के हो ? संसार के हो ? सृष्टि प्रकृया के हो ? ज्ञान के हो ? ज्ञानको स्रोत के हो ? मूल्य के हो ? ईश्वर के हो ? जीवन के हो ? राम्रो के हो जस्ता याबत प्रश्नहरूको जवाफ खोज्ने सिलसिलामा दर्शनको उत्पति भई विकास हुदै आएको हो । मानव समाजमा निर्मित दर्शन मानव समाजकै उपज हुन् र सँगसँगै दर्शन मानव जीवन र समग्र समुदायको भावी यात्राका लागि मार्ग निर्देशक पनि बन्दै आएको छ । समाजको गतिसँगै दर्शनभित्र अनेक नयाँ प्रश्नहरू खडा हुदै जान्छन् र ती प्रश्नहरूको समाधान

खोज्दै जाँदा दर्शनले समृद्ध हुदै जाने अवसर पाउँछ । दर्शन सार्वभौम नभएर मानिसको विश्वासमा आधारित हुन्छ । मानिसको विचार र दृष्टिकोणमा एकरूपता नभए झै दर्शनमा पनि विविधता हुने गर्दछ । संसारलाई पूर्वीय र पाश्चात्य गरी दुई खण्डमा विभाजन गरेर अध्ययन गर्ने गरिएको पाइन्छ । वेद पूर्वीय दर्शनको आदि ग्रन्थ मानिन्छ अपौरुषेय ठानिने प्रस्तुत वेदका आधारमा निर्मित दर्शन वैदिक दर्शन हो ।

**वैदिक दर्शन**

वेदमा आधारित दर्शन वैदिक दर्शन हो । हिन्दु दर्शन वेदमा आधारित दर्शन हो । यसलाई सनातन दर्शन, वैदिक दर्शन या आर्य दर्शन पनि भनिन्छ । संस्कृतको विद् धातुवाट वेद शब्दको उत्पति भएको हो । जसको अर्थ 'ज्ञान' हुन्छ । वेदलाई विधाको वाचक मानिन्छ । विद्वानहरूले बेदलाई धर्मको वाचक पनि मानेका छन् । हिन्दु परम्परामा मानव जातिको प्राचीनतम इतिहास मानिसको सामाजिक नियम सदाचार, दर्शन, कला, धर्म, आदि सम्पूर्ण पक्षाको ज्ञानको आधार वेदलाई मानिन्छ ।

श्रुति, अन्याय, द्वन्द, स्वाध्याय, आगम, निगमजस्ता विभिन्न शब्दले पर्यायवाचीका रूपमा वेदलाई चिनाउने गरेको पाइन्छ । यसरी हेर्दा विश्वकै सर्वप्राचीन हिन्दु सभ्यताको मूल स्रोत वेदलाई मानिन्छ । हिन्दु सभ्यतालाई वैदिक सभ्यता र दर्शनलाई वैदिक दर्शन भनिन्छ । हिन्दु दर्शनमा वेदलाई अनादि, अपौरुषेय मानिन्छ । वेदको कुनै निश्चित निर्माता वा लेखक छैन त्यसैले यसको कुनै जन्म तिथि पनि छैन र वेद स्वत: प्रमाणित छ भन्ने विश्वास गरिन्छ । वैदिक दर्शन अनुसार धर्म भनेको परम स्वतन्त्रताको खोज हो । धर्म भनेको मनलाई नियन्त्रणमा राख्न सक्ने शक्ति हो जसले मनलाई अधिक नियन्त्रणमा राख्न सक्छ, ऊ त्यतिकै धर्मात्मा कहलिन्छ । "मानस-निरोध सर्ववृत्ति सून्यता नै सर्वोपरि धर्म एवम् तपस्या हो (खडका २०७१, पृ. १) । यसरी हेर्दा वेद कुनै एक व्यक्तिले गरेको सिर्जना होइन बरु सभ्यता विकासका क्रममा मानव समुदायबाट प्राप्त अनुभवहरूको समष्टि हो भन्ने प्रस्ट हुन्छ ।

अन्य दर्शनको दाँजोमा वैदिक दर्शनको उत्पति र इतिहास सर्वाधिक प्राचीन मानिन्छ । प्राकृतिक रहस्यको जिज्ञासा र उत्सुकताले नै वैदिक दर्शनको उदय भएको हो । वैदिक दर्शन नै एकमात्र यस्तो दर्शन हो जसलाई दर्शनको सार्वभौम मानिन्छ, यसो भन्नुको अर्थ हो वैदिक दर्शनको पृष्ठभूमिमा बहुल दर्शन धर्म तथा सम्प्रदाय प्रतिपादित हुन पुगेका छन् । वैदिक साहित्य र दर्शनको परिचय अगाडि सार्दै भुसाल (२०५९) लेख्छन् :-

> प्राचीनकालमा मध्य र दक्षिण एसियामा रहने आर्यहरुको करीब चार हजार वर्षको जीवन गाथा र त्यस चारहजार वर्षको अवधीमा उनीहरुबाट सिर्जना भएको साहित्य सँस्कृति, औषधीविज्ञान, तथा स्वास्थ्य विज्ञान र प्रारम्भिक दार्शनिक चिन्तन समेतको विपूल

साहित्य भण्डार नै वैदिक साहित्य हो । वैदिक साहित्यको मूल वेदहरु हुन्, वेदको अर्थ ज्ञान हो । वेदभक्तहरू वेदलाई अकाट्य प्रमाण मान्दछन् ।

वैदिक साहित्यका ग्रन्थहरु पाँचप्रकारका छन् । ती हुन् : १. वेद, २. संहिता ३. ब्राम्हण, ४. आख्यक ५. उपनिषद । वेद चार छन ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्व वेद । ऋग्वेद सवै किसिमका ऋचा एवम् मन्त्रहरुको सँगालो हो । यजुर्वेद यज्ञसम्बन्धी मन्त्रहरूको सँगालो हो, सामवेद सङ्गतिवद्ध मन्त्रहरुको सँगालो हो अथर्व वेद वैदिक र अवैदिक जनहरु वीच घुलमिल हुन थालेपछिका विभिन्न मन्त्रहरूको सँगालो हो, सांहिता वेदक भाष्य वा टीका हुन् । ब्राह्मण कर्मकाण्ड वा यज्ञसम्बन्धी ग्रन्थ हुन् । आख्यक भनेको विविध चिन्तन र आचार विचारसम्बन्धी ग्रन्थ हुन् यिनीहरुको रचना गृहस्थी छाडेर वानप्रस्थ आश्रममा रहेका व्यक्तिहरुबाट भएको हो । उपनिषद भनेका दर्शन र ज्ञानविज्ञान सम्बन्धी ग्रन्थहरु हुन् । यिनीहरुलाई वैदिक साहित्य शृङखलाका अन्तिम रचनाहरू भएको मानिन्छ (पृ : १४) ।

उपनिषदमा रहेका दार्शनिक चिन्तनहरू स्वतस्फूर्त खालका थिए र भौतिकवादी एवम् भाववादी दुवै किसिमका थिए भन्ने दृष्टिकोण पाइन्छ । उपनिषदमा मूलत : दुई किसिमका दृष्टिकोणहरू रहेको चर्चा गर्दै भुसाल (२०६८) लेख्छन् : उपनिषदहरूमा सृष्टिसम्बन्धी दुई किसिमका दृष्टिकोणहरू रहेका छन् । एउटा कारणवादी दृष्टिकोण र अर्को कर्तावादी दृष्टिकोण । कारणवादी दृष्टिकोणले सृष्टिका कारणहरू खोज्दछ भने कर्तावादी दृष्टिकोणले सृष्टि कर्ता अर्थात ईश्वरबाट भएको हो भन्ठान्छ । कारणवादी दृष्टिकोण भौतिकवादी चिन्तनको आद्यवीज थियो भने कर्तावादी दृष्टिकोण भाववादी दर्शनको आधारशीला थियो (पृ : १७) । यसरी हेर्दा वैदिक दर्शनको जगमा आध्यत्मवादी र भौतिकवादी दुवै दृष्टिकोण विकसित हुदै झयाङ्गिन पुगेको यथार्थ ज्ञात हुन्छ ।

वैदिक दर्शनलाई पूर्वीय दर्शन र हिन्दु दर्शनका पयार्यका रूपमा बुझने गरिएको छ, पूर्वीय मनिषिहरूका अतिरिक्त वैदिक दर्शनको विस्तार र प्रसारमा पाश्चात्य विद्वानहरूको पनि योगदान रहेको देखिन्छ । पूर्वीय विद्वानहरूले वेदाध्यायन गर्दा अपौरुषेय देववाणी र अकाट्य सत्य मानेर वोध गरे भने जव पाश्चात्य विद्वानहरूले वेदको अध्ययन गरी निष्कर्ष प्रस्तुत गरे वैदिक बाङ्मयको परिचय पाश्चात्य जगतमा पनि भयो । पाश्चात्य विद्वानहरूले वेद अध्ययन पछि निकालेका निष्कर्ष पछि पूर्वीय विद्वानहरूमा पनि वेदप्रति समालोचनात्मक दृष्टिका साथ अध्ययन गर्ने परम्परा प्रारम्भ भएको छ । पाश्चात्य विद्वानले वेदसम्बन्धी अभिमत जाहेर गर्न थालेपछि पूर्वीय विद्धानहरूमा वेदाध्ययनको महत्त्व बोध भयो र उनीहरूले पनि पाश्चात्य शैलीको अनुसरण गरेर आलोचनात्मक दृष्टिले वेदको अध्ययन गर्न थाले । त्यस अध्ययनले

वेदको महत्त्व प्रकट भयो र वैदिक विज्ञानको सम्बन्धमा समालोचनात्मक मत पनि जन्मियो (दवाडी २०६८,पृ:६०) । जसले वेदलाई प्रश्नातीत अवस्थामा रहन नदिई विमर्शका केन्द्रभागमा ल्याएको देखन्छि ।

यसरी आज वैदिक दर्शन, समाज, अर्थ, राजनीति शिक्षा कला, साहित्य संस्कृतिका अतिरिक्त, धार्मिक अध्यात्मिक, अधिवैदिक, अधिभौतिक, वैज्ञानिक सम्पूर्ण विषयको आधार दर्शनका रूपमा रहेको पाइन्छ ।

**वैदिक दर्शनको मूल दृष्टिकोण (तत्व मीमांशा)**

माथि पनि चर्चा भयो वेद आधारित दर्शन नै वैदिक दर्शन हो र त्यस दर्शनको जगमा विभिन्न दार्शनिक दृष्टिकोण विकसित भएका छन् । मूलत: आस्तिक दृष्टिकोण (वेदलाई आधार मान्ने) र नास्तिक दृष्टिकोण (वेदलाई नमान्ने) गरी वेदलाई केन्द्रमा राखेका तर दुई धारका मान्यता समानान्तर रूपमा रहेका पाइन्छन यहाँ वैदिक दर्शनले दिदेशित शिक्षाका सन्दर्भमा चर्चा गरिएको हो ।

**आस्तिक दर्शन :**

पूर्वीय वेदान्त दर्शनका आस्तिक दृष्टि प्रधान दर्शनमा षठदशर्शन, न्याय, वैशेषिक, वेदान्त, मीमांशा, सांङ्ख्य र योग दर्शन पर्दछन् । यी षठ्दर्शनको सङक्षिप्त परिचय निम्नानुसार दिन सकिन्छ ।

**न्याय दर्शन :**

यस दर्शनका प्रणेता महर्षि गौतम हुन् । न्यायसूत्र यस दर्शनको मूल ग्रन्थ हो । प्रत्यक्ष, अनुभव उपमा र शब्दलाई यस दर्शनले ज्ञानको स्रोत मान्छ । जीवात्मा र परमात्मा गरेर आत्मालाई विभाजन गरिएको छ । एकेश्वरवाद/सर्वेश्वरवाद यसको मूल मर्म हो ।

**वैशेषिक दर्शन :**

यो महर्षि कणादद्वारा प्रतिपादित दर्शन हो । यसको मूख्य गन्थ वैशेषिक सूत्र हो, द्रव्य, गुण, कर्म, साधारण, विशेष, सम्भाव्य अभाव, प्राग, प्रध्वर्स, अत्यन्त, अनन्य जस्ता तत्वलाई ज्ञानका स्रोत मानिएको पाइन्छ । पदार्थ नै सत्य हो र प्रत्येक पदार्थमा रहेको विशेष गुणले अस्तित्व कायम हुन पुगेको हो भन्ने विश्वास राख्दछ ।

**वेदान्त दर्शन :**

जैमिनिको पूर्व मीमांशा र महर्षि व्यासको उत्तर मीमांशाको समष्टि नै वेदान्त हो । प्राचीन दर्शनहरू मध्ये वेदान्त महत्त्वपूर्ण मानिन्छ । उपनिषदलाई नै वेदान्त भनेर बुझने गरिएको पाइन्छ । यस दर्शनको विश्वास पूर्णत: आध्यात्मिकतामा छ । ईश्वरको स्थान सर्वोपरि छ भन्नु नै यस दर्शनको मूल विश्वास रहेको देखिन्छ ।

**मीमांशा दर्शन :**

जैमिनी ऋषि नै मीमांशा दर्शनका प्रणेता हुन् बेदको विचार गर्ने शास्त्र मिमांसा हो । समस्याको निरुपण तर्कद्धारा हुन्छ भन्ने मिमांसा दर्शनको मूल मर्म हो, वेद अपौरुषेय र अकाटय सत्य हो भन्ने विश्वास कायम रहदासम्म मिमांसा दर्शनको उदय भएको थिएन बौद्ध धर्मले वेदशास्त्रमाथि प्रश्न उठाएपछि मिमांसा दर्शनको उदय भएको हो । धर्म नै सत्य हो मानवका लागि धार्मिक कार्य नै मानवीय कार्य मानिन्छ । संसार प्राकृतिक एवम् नैतिक नियमबाट चलेको हुन्छ भन्ने विश्वास मिमांसा दर्शनले अभिव्यक्त गरेको छ ।

**साङ्ख्य दर्शन :**

साङ्ख्य दर्शनका प्रवर्तक महर्षि कपील हुन्, पुरुष र प्रकृति दुई तत्वको अस्तित्व यहाँ स्वीकारिएको छ । आत्मा तत्वलाई सर्वोपरी ठान्नेहरु आत्मवादी हुन आत्मा भन्नु नै पुरुष हो । जसले प्राथमिक कुरा त प्रकृति हो भन्ठान्छ त्यो प्रकृतिवादी/भौतिकवादी मत हुन जान्छ । ब्रम्हाण्ड पुरुष र प्रकृतिबाट सञ्चालित भएको हो । यसले दर्शनले पुरुषलाई बौद्धिक र ईश्वरीय तत्वका रुपमा मानेको छ ।

**योग दर्शन :**

योगका आदि आचार्य हिरव्यगर्भ हुन् हिरण्य गर्भको वक्तव्यका आधारमा पतञ्जली मुनिले सरल रुपमा योगको व्याख्या गरे । ईश्वर मान्नु यस दर्शनको विशेषता हो । अष्टाङ्ग योग -यम, नियम, आसन, प्राणयाम प्रत्याहार, धारणा, ध्यान, समाधी) बाट जीवनको अज्ञान प्रष्ट हुन्छ भन्ने मानेको छ । चित्रवृत्तिको निरोध नै योग हो । जसलाई समाधीद्धारा प्राप्त गर्न सकिन्छ । मानिसले सम्पूर्ण मानसिक क्रियाकलापद्धारा नियन्त्रण गर्दा सत्य प्राप्ति हुन्छ भन्नु यस दर्शनको मर्म हो । चावार्क, जैन र बुद्ध दर्शन वेदशास्त्रमाथि प्रश्न उठाउदै जन्मिएका नास्तिक दर्शनहरू हुन् ।

**वैदिक दर्शनको मूल्य पद्धति :**

पूर्वीय वैदिक दर्शन मूलत : ईश्वरीय सत्तामा विश्वास राख्दछ, आस्तिकताबाट, मोक्षको बाटो खोज्नु, अज्ञानबाट ज्ञानतर्फ अग्रसर हुनु, अन्धकारबाट उज्यालोतर्फ जानु र मृत्युबाट अमरतातिर लैजाने एउटै तत्व ईश्वर हो भन्ने विश्वास राख्छ । ईश्वर गुरु, माता पिता, प्रति अगाध श्रद्धा भक्ति राख्ने, निष्काम भत्तिका माध्यमबाट मुक्त जीवन यापन गर्ने अपेक्षा राख्दछ, धैर्य सहनशीलता, परोपकारबाट जीवनप्रति श्रद्धा जगाउने कुरामा विश्वास गर्छ । इश्वर पितृ र गुरु ऋण प्रति अहोभाव राख्दछ । सत्यम् शिवम् सुन्दरम्लाई मानवीय मूल्य ठान्दछ (दीक्षित २०७४, पृ. १६३) । यसरी देव, पित्री र गुरु ऋणबाट मोक्ष प्राप्ति साथै सहनशीलता र आनन्द वैदिक दर्शनका मूल्य हुन् भन्ने स्पष्ट हुन्छ ।

रामायण महाभारत, जस्ता पूर्वीय दर्शनका महान ग्रन्थहरूले दुष्टता र पीडाबाट ज्ञान प्राप्ति भएका काफी उदाहरण प्रस्तुत गरेका छन् । महाभारतमा राज्य प्राप्तिको महायुद्ध निष्कर्षमा पुगेपछि विजेता पाण्डव पक्ष आफन्तको संहार गरेर राज्य प्राप्त गर्नु निरर्थक भएको निष्कर्षमा पुग्नुलाई यसको उदाहरणका रूपमा लिन सकिन्छ ।

**वैदिक दर्शनको शैक्षिक प्रयोग :**

शिक्षा व्यवस्था निश्चित दार्शनिक आधारमा विकसित भएको हुन्छ । नेपालको शिक्षा व्यवस्था मूलत : हिन्दु दार्शनिक आधारमा अघि बढेको पाइन्छ । हिन्दु दर्शन भन्नु नै वेदाधारित दर्शन हो र यसलाई वैदिक दर्शन पनि भनिन्छ । वैदिक दर्शनको शिक्षाको उद्देश्य जीवनका लागि बालकलाई तयार गर्नु रहेको छ । ईश्वर/सत्यसँग साक्षात्कार गर्नु वा स्व अनुभूतिद्वारा सत्यको नजीक पुग्नलाई नै शिक्षाको लक्ष्यका रूपमा स्वीकार गरिएको छ ।

यस दर्शनका अनुसार बालकमा पाँच वर्षका उमेरमा सुरु गरिएको 'अक्षार स्वीकरण' चरणबाट शिक्षा सुरु भई २५ वर्षसम्मको उमेरलाई शिक्षा ग्रहण गर्ने अवधीका रूपमा लिइएको छ । प्रायः हिन्दु, जीवनको उद्देश्य मानवकल्याण मानिन्छ । धर्म भनेको सत्य निष्ठ व्यवहार हो । अर्थ भन्नाले भौतिक सुख प्राप्ति हो भने काम भनेको हरेक किसिमका इच्छाहरुको पूर्ति हो । र आखिरीमा उपरोक्त सवैबाट मुक्ति वा मोक्ष प्राप्त गर्नु वैदिक दर्शन अनुरुप शिक्षाको लक्ष्य रहेको देखिन्छ ।

**हिन्दु दर्शन अनुसार शिक्षाका उद्देश्यहरू :**

हिन्दु दर्शन अनुसार शिक्षाका उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

**जन्म र मृत्युको चक्रबाट मुक्ति प्राप्त गर्नु :** परमेश्वरको भक्तिमा लागेर भौतिक संसारबाट मुक्त हुन भनेकै जन्म मृत्युको चक्रबाट मुक्त हुनु हो । यसका लागि आध्यात्मिक शिक्षाको आवश्यकता पर्दछ ।

**जीवनका चार लक्ष्य हासिल गर्ने :** धर्म अर्थ काम मोक्ष प्राप्ति शिक्षाको उद्देश्य हुनु पर्दछ ।

**तीन ऋणबाट मुक्त हुनु :** देव ऋण, पृतृ ऋण र गुरु ऋणबाट मुक्त हुने उद्देश्य हुन्छ ।

**आध्यात्मिकता विकास :** वैदिक शिक्षाले भौतिक शिक्षाभन्दा आध्यात्मिक शिक्षालाई जोड दिन्छ ।

**सहिष्णुता र धैर्यको प्राप्ति :**जीवनप्रति श्रद्धा राखेर ठुलालाई आदर र सानालाई माया गर्दै सहिष्णुता र धैर्यको भाव व्यवहार विकास गराउने यो उद्देश्य आफैँमा विशेष छ ।

**चरित्र निर्माण र विकास :** शिक्षार्थीको आदत, दिनचर्या, खानपान, भेषभुषा, आस्था र उनीहरुले पालन गर्ने अनुशासन र मानवीय मूल्यको विकासमा जोड दिन्छ ।

**संस्कृतिको हस्तान्तरणका लागि शिक्षा :**परिवार समाज र राष्ट्रमा प्रचलित सँस्कृति सिकारुमा हस्तान्तरण गर्ने लक्ष्य वैदिक शिक्षाले लिएको हुन्छ ।

**व्यक्तित्व विकास :** वैदिक शिक्षाले, सिकारुको सर्वाङ्गीण विकास गर्ने लक्ष्य लिएको छ । विद्यार्थीको व्यक्तित्व विकासका लागि आत्मसम्मान, आत्मसम्मान, आत्मविकास आदि, सद्‌गुणहरुको विकास शिक्षाको माध्यमबाट गराइन्छ ।

**चित्तवृत्तिको निरोध :** वैदिक दर्शन अनुरुप जप तप योग ध्यान यज्ञ आदिको माध्यमबाट शरीरलाई नियन्त्रण गरी मनलाई एकाग्र बनाउने र परमात्मा प्राप्ति गर्नु नै चित्रवृत्तिको निरोध गर्नु हो । विद्यार्थीलाई विभिन्न प्रकारका अभ्यासद्धारा चित्रवृत्तिको निरोध गराउने शिक्षाको लक्ष्य हुन्छ ।

**सामाजिक कुशलताको विकास :**वैदिक दर्शनमा आधारित शिक्षाले विद्यार्थीको सामाजिक कुशलताको विकासमा जोड दिन्छ । शिक्षाले शिक्षार्थीको मानसिक विकासका अतिरिक्त सामाजिक विकासको समेत लक्ष्य राखेको हुन्छ ।

**ज्ञान र अनुभवमा जोड :** वैदिक शिक्षाले विद्यार्थीको ज्ञान र अनुभव दुवै कुरामा जोड दिएको हुन्छ ।

माथि उल्लिखित शिक्षाका लक्ष्यहरु हेर्दा वैदिक शिक्षा मूलत : ज्ञान र अनुभवमा आधारित र धर्म अर्थ काम मोक्ष प्राप्तिको लक्ष्यमा अभिमुख छ भन्ने स्पष्ट हुन्छ ।

## पाठ्यक्रम प्रक्रिया

वैदिक दर्शनमा पाठ्यक्रम नै भनेर गरिएका चर्चा त पाइदैनन् तर पनि तहगत आधारमा विभिन्न विषहरूको पढाइलाई नै पाठ्यक्रमका प्रतिविम्वका रूपमा लिन सकिन्छ । वैदिक दर्शन अनुसार शिक्षाको प्रारम्भ 'विद्यारम्भ सँस्कारबाट भएको मानिन्छ । पाँच वर्षको उमेरदेखि विद्यारम्भ संस्कार सुरु हुन्थ्यो । प्रारम्भको शिक्षा पढाइ, लेखाइ र वैदिक मन्त्रहरू कण्ठ गर्ने अभ्यासबाट सुरु हुन्थ्यो व्यक्तिका उमेरका आधारमा विषयवस्तु फरक पार्दै जाने कुरा वैदिक दर्शनमा पाइन्थ्यो । वैदिक शिक्षामा शिक्षणको प्रमुख स्थानमा शिक्षक रहेका छन् । शिक्षकको मौखिक संचारमा जोड दिइएको छ । घोकाइ, छलफल वार्तालाप आदि विधिलाई वैदिक शिक्षाले अपनाएको पाइन्छ ।

टोल, चरण, घटिका, परिषद्, गुरुकुल, विद्यापीठ, विशिष्ट विद्यालय, मन्दिर महाविद्यालय, ब्राम्हणीय महाविद्यालय, विश्वविद्यालय जस्ता शैक्षिक संस्थाहरुको परिकल्पना गरिएको पाइन्छ । वैदिक दर्शन अनुरुप शिक्षामा विद्यार्थी र शिक्षकको भूमिका पनि स्पष्ट गरिएको छ शिक्षाको केन्द्रमा शिक्षकलाई खडा गरिएको छ 'गुरु ब्रम्हा गुरु विष्णु गुरु देवो महेश्वर, गुरु साक्षात परब्रम्हा तस्वै श्री गुरवे नमः' भनेर

गुरुलाई ईश्वरीय स्थान प्रदान गरिएको पाइन्छ । गुरुले शिष्यलाई आफ्ना समीपमा राखेर सिकाउने सम्झाउने बुझाउने उपदेश दिने कार्य गर्दथे, विद्यार्थीलाई दण्डित गर्नु परे उपवास गराउने काम समेत गुरुले गर्दथे ।

विद्यार्थीले वैदिक दर्शन अनुसारको मूल्य र मान्यताको अनुसरण गर्नु पर्दछ । गुरु सेवालाई ईश्वर सेवा तूल्य मानिएको छ । शिक्षार्थीको भोजन पूर्व रूपमा सात्विक हुनु पर्छ । बोली वचन र शरीर शुद्ध बनाउनु पर्छ । विद्याथीले भिक्षा मागेर पुग्दो खाद्यवस्तु जुटाउनु पर्छ, सोबाट मुष्ठीदान स्वरुप आश्रमलाई छुट्याउनु पर्ने मान्यता थियो ।

**निष्कर्ष**

ऋग्देव विश्वकै सर्वप्राचीन ग्रन्थ हो । वेदमा आधारित दर्शनलाई वैदिक दर्शन भनिन्छ, बेदलाई सर्व प्राचीन हिन्दु परम्पराको स्रोत पनि मानिन्छ । वेदका आधारमा बहुल दर्शन आविर्भाव भई विकसित भएका छन् । वेदमै आधारित दर्शन पनि आध्यात्मवादी र भौतिकवादी दुवै छन् । पूर्वीय सभ्यताको आधार वेद हो । वेदमा आधारित शिक्षा नै वैदिक शिक्षा हो । पूर्वीय जगतमा विकसित वैदिक दर्शनको विस्तार र प्रसारमा पाश्चात्यजगतका विद्धानहरूको पनि योगदान रहेको पाइन्छ । सभ्यता, वाङ्मय, शिक्षा सवैको पूर्वीय आधार नै वैदिक दर्शन हो । समाज अर्थ, राजनीति, शिक्षा कला, साहित्य, सँस्कृतिका अतिरिक्त धार्मिक, आध्यात्मिक अधिदैविक, अधिभौतिक वैज्ञानिक आदि सम्पूर्ण विषयको आधार पूर्वमा वैदिक दर्शन रहेको छ । वेदकै आधारमा वैदिक र अवैदिक दर्शन विकसित भएका छन । न्याय, वैशेषिक, वेदान्त, भिमांसा, साङ्ख्य, योग जस्ता आध्यात्मवादी षठ्दर्शन र चार्वाक, जैन, र बुद्ध दर्शन जस्ता वेदमाथि प्रश्न उठाउदै जन्मिएका दर्शनहरु सवै वेदाधारित दर्शन हुन् ।

नेपालको शिक्षा व्यवस्थामा पनि स्पष्टत: वैदिक दर्शनको प्रतिविम्व झल्किन्छ । वैदिक दर्शन अनुसार जन्म र मृत्युका चक्रबाट मुक्ति प्राप्त गर्नु, धर्म, अर्थ, काम मोक्ष प्राप्त गर्नु । देव, पितृ र गुरु ऋणबाट मुक्त हुनु, आध्यात्मिकता विकास गर्नु, सहिष्णुता र धैर्यको प्राप्ति गर्नु, चरित्र निर्माण र विकास गर्नु, सँस्कृतिको हस्तान्तरण गर्नु, व्यक्तित्व विकास गर्नु, चित्रवृत्तिको निरोध गर्नु, सामाजिक कुशलताको विकास गर्नु र ज्ञान र अनुभवमा जोड दिनु जस्ता लक्ष्यहरू निर्धारण गरिएको छ । वैदिक दर्शनअनुसार विद्यारम्भ संस्कारबाट शिक्षा लिने दिने प्रक्रिया प्रारम्भ हुन्छ । वैदिक दर्शन अनुरुप शिक्षा पाठ्यक्रमका लागि मार्गदर्शन प्राप्त छ । पढाइलेखाइ वैदिक मन्त्रहरू कष्ठ गर्ने, अभ्यासबाट प्रारम्भ हुने शिक्षा उमेर अनुरुप विषयमा फरक पर्दै जाने व्यवस्था हुन्छ । शिक्षक शैक्षिक प्रक्रियाको केन्द्रमा छ र अति पूज्य छ । विद्यार्थी अनुशासनपूर्वक गुरुको समीपमा रही विद्याअध्यय गर्दछ । अनेक दुख कष्ट र पीडालाई अनुभवको चक्रका रूपमा स्वीकार गरी अनुभवहरू नै मोक्ष प्राप्तिका आधार हुन् भन्ने स्वीकार्दछ । शिक्षा व्यवस्थामा समसामयिक  परिवर्तन आइरहेकै हुन्छन शिक्षा व्यवस्थाले समसामयिक मुद्धाहरूलाई समेट्दै लैजानु पर्छ, यद्यपि नेपालको सन्दर्भमा वैदिक दर्शनमा आधारित शिक्षा आधारभूत रूपमा अद्यापि व्यावहारिक छ ।

## सन्दर्भ सामग्री


चालिसे, चक्रपाणि र पौड्याल, लेखनाथ (२०७४) *नेपाली सङ्क्षिप्त भारत,* मञ्जरी पब्लिकेसन ।

दवाडी, दुर्गाप्रसाद (२०६८) 'वैदिक दर्शनको सङ्क्षिप्त विवेचन', *दर्शनावली एक,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

दीक्षित, मदनमणि (२०७४) *हिन्दु संस्कृतिको परिशीलन,* मञ्जरी पब्लिकेसन ।

प्रभात, विष्णु (२०७२) 'दर्शनको बहुल स्वरूप र एकत्व,' *दर्शनावली ३,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

प्रश्रित, मोदनाथ (२०५९) 'दर्शनशास्त्र परिचयबारे,' **भूमिका**, *दर्शनशास्त्र परिचय,* बुधवार साप्ताहिक ।

.................. (२०६७) 'ऋग्वेद युगमा स्थापित मिथिला : सङ्क्षिप्त चर्चा' *प्रज्ञा अङ्क १०६,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

भुसाल, बेदुराम (२०५९) दर्शनशास्त्र परिचय, बुधवार साप्ताहिक ।

................ (२०५९) *नेपालमा प्रचलित दार्शनिक चिन्तनहरू,* नेपाल प्रज्ञा प्रतिष्ठान ।